" समृद्ध खाँदबारी नगर "

# खाँदबारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## कृषि सेवा उपशाखा

खाँदबारी, सङ्खुवासभा

१ नं. प्रदेश, नेपाल

प.सं.: २०७८/०७९

च.नं.: ३६५९

मिति: २०७८/१२/२१

श्री वडा कार्यालयहरु (११ वटै)

खाँदबारी नगरपालिका, सङ्खुवासभा ।

**विषय: प्लाष्टिक टनेल ५०% लागत सहभागितामा वितरण सम्बन्धमा ।**

प्रस्तुत विषयमा खाँदबारी नगरपालिका नगरकार्यपालिकाको कार्यालयको नगरस्तरीय योजना मध्ये कृषि सेवा उपशाखाको आ.ब. २०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार पावर मिनी टेलर र प्लाष्टिक टनेल वितरण गर्ने (सहभागितामा) अन्तर्गत प्लाष्टिक टनेल खरिद तथा वितरण (सहभागितामा) कार्यक्रमको लागि टनेल खरिद ठेक्का सम्झौता (KMO/SQN/GOODS/09/078/079) मार्फत रु. ४५३२.०० (चार हजार पाँच सय बत्तीस मात्र) को दरले प्लास्टिक टनेल खरिद भएकोमा कृषकको लागत सहभागिता रु. २२६६.०० (दुइ हजार दुई सय छैसट्ठी मात्र) पर्ने हुँदा तहाँ वडालाई उपलब्ध गराइने १५ (पन्ध्र) गोटा प्लास्टिक टनेल वितरण गर्न देहाय बमोजिमका मापदण्ड पुगेका कृषकहरु छनोट गरि वडा समितिको निर्णय र कृषकको लागत सहभागिताको रकम रु. ३३,९९०.०० (तेत्तिस हजार नौ सय नब्बे) मात्र टनेल विक्रेता जी सेभेन एग्रिकल्चर प्रा. लि.को नाममा प्रभु बैंक सातदोबाटो शाखा कार्यालयमा रहेको खाता नं. ०४२०११८४६५६०००११ मा जम्मा भएको बैंक भौचर सहित आजको मितिले १५ दिन भित्र खाँदबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न जानकारी गराइन्छ ।

प्राप्त गर्ने कृषकको मापदण्ड:

१. पूर्ण समय कृषि पेशामा सम्लंग भएको हुनुपर्नेछ ।

२. विगतका वर्षहरुमा यस कार्यालयबाट वा अन्य कार्यालयबाट यस प्रकारको अनुदान प्राप्त नगरेको हुनुपर्नेछ ।

३. न्युनतम २ रोपनी क्षेत्रफल जग्गामा तरकारी खेति गरेको हुनुपर्नेछ ।

४. दर्ता भएका कृषि फर्म/ कृषक समुहलाई प्राथमिकता दिनुपर्नेछ ।

५. प्लास्टिक टनेल प्राप्त गरेपछि कृषि कार्यको लागि सोको प्रयोग गर्ने प्रतिवद्दता पेश गरेको हुनुपर्नेछ ।

.............................................

ओमप्रसाद सुवेदी

प्रमुख प्रशासकीय अधिकृत